बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नम्बर:

मिति: २०८२।१२।२६
नेपाल संवत् ११४६,चौलागा ससमी,बिहिबार

**<u>शैक्षिक परामर्श,भाषा शिक्षण कक्षा र पूर्व तयारी कक्षा सञ्चालन गर्ने सेवा प्रदायक संस्थाहरुले अनलाइन मार्फत सेवा सञ्चालन अनुमतिका आवेदन पेश गर्ने सम्बन्धी सूचना ।</u>**

प्रस्तुत सम्बन्धमा **"शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९"**बमोजिम बागमती प्रदेशभित्र शैक्षिक परामर्श, भाषा शिक्षण तथा पूर्वतयारी कक्षा सम्बन्धी सेवा सञ्चालनका लागि अनलाईन मार्फत अनुमति माग र नविकरणको लागि निवेदन लगायत आवश्यक कागजातहरु संकलन गर्न प्रयोग भइरहेको मन्त्रालयको शैक्षिक परार्मश सेवा सम्बन्धीको पोर्टल http://ecis.bagamati.gov.np/ हाल Update र मर्मत संभारको अन्तिम चरणमा रही यहि **मिति २०८३ साल बैशाख १** गतेबाट पुन सुचारु हुने भएकाले अनलाईन मार्फत उक्त सेवा प्रास गर्नुहुन सम्बन्धित संस्थाहरुलाई यसै सूचना मार्फत जानकारी गरिन्छ ।साथै अनलाईन पोर्टल सञ्चालन प्रक्रिया सजहीकरण समेत उक्त पोर्टलमा राखिएकाले सोही बमोजिम गर्नुहुन अनुरोध छ ।

रामचन्द्र गिरी
अधिकृत सातौं

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१०७

**<u>शैक्षिक परामर्श सेवा,पूर्व तयारी कक्षा र भाषा शिक्षण कक्षा सेवा सञ्चालन अनुमति प्राप्त गर्न र अनुमति प्राप्त सेवा नविकरणको लागि अनलाईन पोर्टल ecis.bagamati.gov.np सञ्चालन प्रक्रिया सहजीकरण</u>**

१. Google Chrome open गरी **http://ecis.bagamati.gov.np** address बाट पोर्टल खोल्ने ।

२. नयाँ रजिष्टर गर्नको लागि Create Account मा क्लिक गर्ने ।

३. नयाँ दर्ताको लागि खोलिएको फर्ममा * भएको फिल्डहरु अनिवार्य भर्नु पर्नेछ ।

४. Email Address र Mobile number एउटा संस्थामा मात्रै प्रयोग गर्न मिल्ने भएकाले सोही बमोजिम प्रयोग गर्ने ।एक पटक प्रयोग भएको आईडी र मोबाइल नम्बर अर्को संस्थाको लागि प्रयोग गर्न सकिनेछैन ।मोबाइल नम्बरमा नै User Id र Password प्राप्त हुने भएकाले आधिकारिक र सञ्चालनमा रहेको **NTC Number** प्रयोग गर्नुपर्नेछ ।

५. कन्सल्टेन्सीको रेजिष्ट्रेसन नम्बर ६ नम्बरको अंक/४ नम्बरको वर्ष/३ नम्बरको वर्ष को फर्म्याटमा अंग्रेजीमा नै राख्नु पर्नेछ । जस्तै 123456/2082/083

६. डकुमेन्ट तथा फाइल अपलोड गर्दा बढिमा **1Mb** फाइल साइज बनाएर pdf, PDF मा अपलोड गर्नु पर्दछ ।सो भन्दा बढी साइज भएका File Compress गर्नुपर्नेछ ।

७. Registration Date कन्सल्टेन्सी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति yyyy/mm/dd (Year/Month/day)को फर्म्याटमा राख्नु पर्नेछ । सबै कागजातहरु र विवरण पेश भए पश्चात Create option मा click गर्नुपर्नेछ ।

८. आइडी सिर्जनाका लागि पेश भएका विवरणहरुको जाँच गरी सबै जानकारीहरु ठिक भएमा कन्सल्टेन्सी दर्तालाई verify गरिन्छ र संस्थाले विवरणमा उल्लेख गरेको आधिकारिक **NTC** मोबाइल नं.मा पोर्टलमा लगइन गर्ने Login Name र Password SMS मार्फत पठाइनेछ । उक्त Login Name र Password राखेर पोर्टल Login गरी कन्सलटेन्सीको थप जानकारीहरु तथा डकुमेन्टरहरु अपलोड गर्न सकिनेछ ।

९. Login भएपछि Consultancy Details मा click गरेर open भएको फर्महरु क्रमश भर्दै जानुपर्नेछ ।

१०. फर्म भर्दै जाने क्रमको अन्त्यतिर नयाँ दर्ता भएको कन्सल्टेन्सिको New Registration र पहिले दर्ता भइसकेको संस्थाले Renew Option Select गर्नुपर्नेछ । Open भएको फर्महरुबाट थप जानकारी तथा डकुमेन्टहरु सेभ गर्ने ।

११. अन्तमा Self Declaration मा पुगिनेछ र अपलोड भएका सबै डकुमेन्टहरु रुजु गर्न मिल्नेछ।

१२. यदि सबै ठिक छ भने **I am confirm to declare and verify** मा टिक राखेर Apply मा click गर्नुपर्नेछ ।

१३. Self Verify Letter क्लिक गरेर Verification Letter Print गर्नुपर्नेछ ।

१४. निवेदकको नाम, थर, ठेगाना र सम्पर्क नम्बर लेखे र कन्सल्टेन्सिको छाप राखेर PDF मा स्क्यान गर्ने र स्क्यान भएको Letter लाई Upload Application Letter मा Click गरेर Upload गर्नुपर्नेछ ।

१५. अपलोड भएका डकुमेन्टहरु तथा विवरणहरु यस मन्त्रालयबाट रुजु गरिनेछ। कुनै विवरण फरक परेमा वा कागजात अपुग भएमा कमेन्टमा उल्लेख गरिनेछ ।संस्थाहरुले Submitted Document मा click गरेर कमेन्ट हेर्न मिल्नेछ र कमेन्टमा उल्लेख भए अनुसारको विवरण र कागजातहरु संस्थाहरुले Upload र Update गर्दै जानुपर्नेछ ।

***नोट: पोर्टल सञ्चालनमा कुनै समस्या भएका Inquiry Menu मा Click गरी समस्या Submit गर्न सक्नुहुनेछ ।***